**एजेण्डाहरु :-**

- –साविक गोदावरी गा.वि.स.को एकिकृत सम्पत्ती करका दर सम्बन्धमा ।
- –नगरपालिका तर्फका करारका कर्मचारीहरुको म्यादथप सम्बन्धमा ।
- –मन्त्रालयबाट प्राप्त दरबन्दी संसोधन सम्बन्धमा ।
- –वडा नं. २ का वडा सदस्यलाई आर्थिक सहयोग सम्बन्धमा ।
- – सडक ग्रावेल सम्बन्धमा ।
- –आयका ठेक्का स्विकृत सम्बन्धमा ।
- –गरिब घरपरिवार परिचय-पत्र वितरण सम्बन्धमा ।
- –कार्यक्रम स्विकृत सम्बन्धमा ।
- –घरभाडा लिने सम्बन्धमा ।

**निर्णय नं. १:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ को उपदफा (१) ले २०७५ श्रावण १ गतेदेखि एकिकृत सम्पत्ती कर मात्र लगाउनुपर्ने छ भनी तोके बमोजिम यस नगरपालिकाको साविक गोदावरी गा.वि.स.को जग्गा तथा संरचनाहरुलाई एकिकृत सम्पत्ती कर प्रणालिमा लैजानका लागि तहाँका जग्गाको आकार, प्रकार, बनौट र उपयोग वा अचल सम्पत्तीको उत्पादनशिल उपयोगको अवस्था र अचल सम्पत्तीको प्रचलित बजार मूल्य तथा ह्रासमूल्यलाई आधार मानी निम्नानुसार जग्गाको मूल्यांकन गरी नगरकार्यपालिकालाई सिफारिश गर्ने निर्णय गरीयो ।

| क्र.सं. | क्षेत्र | मूल्यांकनको लागि जग्गाको समुह | मूल्यांकनको लागि जग्गाको उप समुह | इकाई | मूल्यांकनको दर प्रति रोपनी□/प्रति कठ्ठा |
|---|---|---|---|---|---|
| १ | हालको वडा नं. ४ को पहाडी भु भाग | साविक गोदावरी गा.वि.स.को बन्दगडा, हाटखोली, मूरी भावरको जग्गाहरु | साविक गोदावरी गा.वि.स.को बन्दगडा, हाटखोली, मूरी भावरको स्याउले दिपायल फास्ट ट्र्याकसंग जोडिएका जग्गाहरु | प्रति रोपनी | १००००० |
| | | साविक गोदावरी गा.वि.स.को बन्दगडा, हाटखोली, मूरी भावरको जग्गाहरु | साविक गोदावरी गा.वि.स.को बन्दगडा, हाटखोली, मूरी भावरको स्याउले दिपायल फास्ट ट्र्याकसंग नजोडिएका जग्गाहरु | प्रति रोपनी | २५००० |
| | | साविक गोदावरी गा.वि.स.को बन्दगडा, हाटखोली, मूरी भावर वाहेकका अन्य पहाडी क्षेत्र | साविक गोदावरी गा.वि.स.को बन्दगडा, हाटखोली, मूरी भावर वाहेकका अन्य पहाडी क्षेत्र | प्रति रोपनी | १०५०० |
| २ | साविक गोदावरी गा.वि.स.को घडेरी जग्गाहरु | साविक गोदावरी गा.वि.स.को ध.ड.रां.संग जोडिएको जग्गाहरु | साविक गोदावरी गा.वि.स.को ध.ड.रां.संग जोडिएको जग्गाहरु | प्रति रोपनी | ५००००० |
| | | साविक गोदावरी गा.वि.स.को ध.ड.रां.संग जोडिएको एक हजार मिटर टाढासम्मका जग्गाहरु | साविक गोदावरी गा.वि.स.को ध.ड.रां.संग जोडिएको एक हजार मिटर टाढासम्मका जग्गाहरु | प्रति रोपनी | १००००० |
| ३ | वडा नं. १० को साविकको गोदावरी गा.वि.स.को क्षेत्र | शाखा ग्राभेल बाटोसंग जोडिएको जग्गा | शाखा ग्राभेल बाटोसंग जोडिएको जग्गा | प्रति कठ्ठा | १००००० |
| | | बाटोले नछोएको खेतियोग्य जग्गा | बाटोले नछोएको खेतियोग्य जग्गा | प्रति कठ्ठा | ५०००० |
| ४ | वडा नं. ११ को जग्गाहरु | चाक्लेखोलादेखि बान्द्रखालसम्मको मुख्य बाटोसंग जोडिएको आवासीय तथा अन्य जग्गाहरु | मूख्य बाटोसंग जोडिएको आवासीय तथा अन्य जग्गाहरु | प्रति कठ्ठा | २००००० |
| | | शाखा ग्राभेल बाटोसंग जोडिएको जग्गाहरु | शाखा ग्राभेल बाटोसंग जोडिएको जग्गाहरु | प्रति कठ्ठा | १००००० |
| | | बाटोले नछोएको खेतियोग्य जग्गा | बाटोले नछोएको खेतियोग्य जग्गा | प्रति कठ्ठा | ५०००० |
| ५ | वडा नं. १२ को जग्गाहरु | चाक्लेखोलादेखि बान्द्रखालसम्मको मुख्य बाटोसंग जोडिएको आवासीय तथा अन्य जग्गाहरु | मूख्य बाटोसंग जोडिएको आवासीय तथा अन्य जग्गाहरु | प्रति कठ्ठा | २००००० |
| | | शाखा ग्राभेल बाटोसंग जोडिएको जग्गाहरु | शाखा ग्राभेल बाटोसंग जोडिएको जग्गाहरु | प्रति कठ्ठा | १००००० |
| | | बाटोले नछोएको खेतियोग्य जग्गा | बाटोले नछोएको खेतियोग्य जग्गा | प्रति कठ्ठा | ५०००० |
| | | कोल्मूडाका जग्गाहरु | कोल्मूडा क्षेत्रका मुख्य सडकसंग जोडिएको जग्गाहरु | प्रति कठ्ठा | १००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कोल्मूडाका जग्गाहरु | कोल्मूडाका मुख्य सडकसंग नजोडिएका जग्गाहरु | प्रति कठ्ठा | २५००० |
| | | वडा नं. १२ को कोल्मूडा बाहेकको पहाडी क्षेत्र | कोल्मूडा बाहेकको पहाडी क्षेत्र | प्रति रोपनी | १०५०० |

**निर्णय नं. २ :** संरचनाको मूल्यांकनको सम्बन्धमा नगरपालिका कार्यालयले साविकदेखि कार्यान्वयनमा ल्याएको मापदण्ड बमोजिम नै साविक गोदावरी गा.वि.स.को संरचनाको पनि मूल्यांकन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** एकिकृत सम्पत्ती कर लिने प्रयोजनका लागि बहुदर प्रणालि अवलम्बन गरी बाटो संग जोडिएको कित्ताको ३० मिटरभित्रसम्मको जग्गालाई बाटोमा जोडिएको घडेरीको हिसाबले मूल्यांकन गर्ने र सो पछीको जग्गाहरुलाई बाटो नभएको सरह खेती योग्य जग्गामानी मूल्यांकन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ :** नगरपालिका कार्यालयबाट मिति २०७५/०३/२८ गतेमा प्रकाशित आन्तरीक आय संकलनतर्फका ठेक्का सम्बन्धी सूचना अनुसार पर्न आएका बोलपत्रहरुमध्ये मिति २०७५/०४/१५ गते बसेको बोलपत्र मूल्यांकन समितिको बैठकले यस नगरपालिका क्षेत्रको कवाडी कर संकलन गर्ने सम्बन्धी कार्यका लागि सोनी कन्स्ट्रक्सन, कृष्णपुर-२, कंचनपुरले कबोल गरेको रकम रु.२,२००,०००।- (अक्षरुपी रु. बाईस लाख मात्र) सबैभन्दा बढी देखिएकोले उक्त फर्मसंग सम्झौता गरी कार्य अगाडी बढाउन सिफारिश गरे बमोजिम उक्त सोनी कन्स्ट्रक्सन, कृष्णपुर-२, कंचनपुरलाई मिति २०७५/०४/१८ को कार्यालयको निर्णयानुसार ७ दिनभित्र सम्झौता गर्न आउन भनी पत्राचार गरेकोमा उक्त फर्मले मिति २०७५/०४/२० गतेका दिन उक्त ठेक्काको सम्झौता गर्न नसक्ने हुँदा नियम अनुसार धरौटी जफत गरी आवश्यक प्रक्रिया गर्नहुन भन्ने पत्र पठाएकोले नियमानुसार उक्त कवाड कर संकलन कार्यका लागि दोश्रो बढी कबोल गर्ने बोलपत्रदाता फर्म शुभकामना कन्स्ट्रक्सन, गोदावरी ८, कैलाली (कबोल रकम रु. १,०५२,७००।- अक्षरुपी दश लाख बाउन्न हजार सात सय मात्र) को प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :** गोदावरी नगरपालिका र अन्तर्गत वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा विभिन्न पद र तहमा सेवा करार अन्तर्गत कर्मचारीहरु कार्यरत रहेका र कामको कार्यप्रकृति तथा कार्यबोझलाई दृष्टिगत गरी सेवा प्रवाहलाई सुचारु बनाइ राख्न कार्यरत कर्मचारीहरुको सेवा आवश्यक देखिएकोले हाललाई २०७५ श्रावण १ गते देखि २०७५ पौष मसान्त सम्म सेवा करारको म्याद थप गर्ने निर्णय गरीयो । साथै सेवा करार कार्यविधि तर्जुमा गरी छलफलका लागि वितरण भएको सन्दर्भमा उक्त कार्यविधिलाई छिटो भन्दा छिटो स्वीकृत गरी कार्यविधि बमोजिम सेवा करारलाई नियमन र नियमित गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** गोदावरी नगरपालिकामा गरीब घर परिवार परिचय पत्र वितरणका लागि कृषि, भुमि तथा सहकारी मन्त्रालय, गरिव घर परिवार सहयोग समन्वय बोर्डको सचिवालयबाट प्राप्त गरीब घर परिवार परिचय पत्र हाललाई वितरण नगरी त्यसमा पुनविचार गर्न सम्बन्धित मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरीयो ।

**निर्णय नं ७ :** संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएको गोदावरी नगरपालिकाको कर्मचारी संगठन संरचना (दरबन्दी) का सम्बन्धमा थप छलफल गरी आगामी बैठकबाट पारित गर्ने निर्णय गरीयो ।

**निर्णय नं ८ :** गोदावरी नगरपालिका क्षेत्रभित्र आ.व. ०७५/०७६ मा कार्यक्रम संचालन गर्ने गरी स्वीकृतिका लागि वजेट तथा कार्यक्रम पेश गरेका देहायका संस्थाको कार्यक्रम थप अध्ययन गरी आमागी बैठकमा पुन पेश गर्ने निर्णय गरियो ।
**तपशिल :**
१. युनिसेफ नेपाल, २. दलित महिला अधिकार मञ्च नेपाल, ३. रुम टु रिड, ४. नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ,

**निर्णय नं ९ :** गोदावरी नगरपालिका वडा नं. २ का वडा सदस्य श्री पुष्पलाल खतिवडा बिरामी रहेकोले निजलाई आर्थिक सहायता वापतको रकम रु. २५,०००/- उपलब्ध गराउने निर्णय गरियो । साथै यसै नगरपालिका वडा नं. ९ मा रहेको श्री डुठा रानाको घर भत्कीई धनजनको क्षती भएकोले निजलाई आर्थिक सहायता स्वरुप रकम रु. २५,०००/- उपलब्ध गराउने निर्णय गरीयो ।

**निर्णय नं १० :** गोदावरी नगरपालिका वडा नं. ३ को वडा कार्यालयको घरभाडामा लिनुपर्ने भएकोले खानेपानी, बिजुली तथा कर सम्बन्धीत घरधनीले नै तिर्ने गरी मासिक रकम रु. १४,०००/- का दरले भाडामा लिने निर्णय गरीयो । साथै यस गोदावरी नगरपालिका वडा नं. ४ को शहरी स्वास्थ्य क्लिनिकको लागि घर भाडामा लिने निर्णय भए बमोजिम खानेपानी, बिजुली तथा कर सम्बन्धीत घरधनीले नै तिर्ने गरी मासिक रकम रु. २,३००/-का दरले यस आ.व.का लागि घरभाडामा लिने निर्णय गरीयो ।

**निर्णय नं ११ :** गोदावरी नगरपालिकाको आ.व. २०७५/०७६ सुरु भए संगै वर्षाले विभिन्न वडाका सडकहरुमा खाल्डाखुल्डी भएकोले उक्त बाटोहरु निर्माण तथा सूचारु गर्न प्राविधिकको लागत अनुमान बमोजिम तत्काल ग्रावेलको व्यवस्था गर्ने निर्णय गरीयो ।

**निर्णय नं १२ :** गोदावरी नगरपालिकाको वडा नं. १, अत्तरिया चोकबाट पूर्वतर्फ रहेको सार्वजनिक सौचालय मर्मत सम्भार गरी ठेक्काद्धारा संचालन गर्ने निर्णय गरियो ।